नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिद्धारा आयोजित र केन्द्रीय महिला विभागको ब्यवस्थापनमा **"समता र सशक्तीकरणः सेवामा सवलीकरण"** **"Equality and Empowerment: Fairness in Service"** भन्ने मूल नाराका साथ मिति २०८० जेठ २७ र २८ गते बबरमहल, काठमाण्डौंमा सम्पन्न ऐतिहासिक "दोस्रो राष्ट्रिय महिला भेला" **"2nd National Women Assembly"** बाट पारित

# "घोषणा-पत्र"

1. नेपालको संविधान तथा कानूनले ब्यवस्था गरेका महिला अधिकारको पूर्ण कार्यान्वयन गर्न नेपाल सरकार र सम्बन्धित निकायहरुसँग माग गर्दछौ ।
2. नेपालको संविधानमा ब्यवस्था भएको राष्ट्रपति/उपराष्ट्रपति, सभामुख/उपसभामुख, राष्ट्रियसभा अध्यक्ष/उपाध्यक्ष र स्थानीय तहमा मेयर/उपमेयर तथा अध्यक्ष/उपाध्यक्ष मध्ये कुनै एउटा पदमा महिला भए अर्को पदमा पुरुष उम्मेदवार अनिवार्य ब्यवस्था भएकोमा दलिय गठबन्धनका तर्फबाट उम्मेदवार बनाउँदा उक्त ब्यवस्था कार्यान्वयन नभएको हुँदा अनिवार्य कार्यान्वयन गर्न माग गर्दछौ ।
3. नागरिक अधिकारको रुपमा रहेको विविधता, समता र समावेशी सिद्धान्तलाई पूर्ण रुपमा कार्यान्वयन गर्न माग गर्दछौ ।
4. लिङ्गको आधारमा कसैलाई पनि विभेद र निरुत्साही गरिने छैन् भन्ने नीतिलाई प्रभावकारि रुपमा कार्यान्वयन गर्न नेपाल सरकारसँग माग गर्दछौ ।
5. ठूलो परिमाणमा विदेशमा पलायन हुने पूँजी स्वदेशमा नै रोक्न र राष्ट्रका भविष्यको रुपमा रहेका सक्रिय, बौद्धिक युवाशक्ति पलायनलाई रोक्न उनीहरुको चाहना अनुरुपको अध्ययन अध्यापन गर्ने गराउने क्षमताका प्राविधिक शिक्षालयहरु सबै प्रदेशमा संचालन गर्न नेपाल सरकारसँग माग गर्दछौ ।
6. संघ,प्रदेश र स्थानीय तहमा लैगिंक बजेट विनियोजन गर्दा किटानीका साथ महिला वर्गको उत्थानमा खर्च गर्नुपर्ने ब्यवस्था गरियोस् ।
7. योग्यता पुगेको महिला कर्मचारीहरुलाई सम्बन्धित कार्यालय प्रमुखको जिम्मेवारी दिन प्राथमिकतामा राखियोस् ।
8. देशका सबै प्रदेश राजधानी र सबै स्थानीय तहमा सुविधा सम्पन्न शिशुस्याहार केन्द्र, स्थापना गरियोस् ।संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन निर्माण गर्दा महिलामैत्री प्रावधान समावेश गरियोस् ।

9. तालिम, अध्ययन तथा वैदेशिक भ्रमणमा महिला कर्मचारीहरुलाई प्राथमिकता दिने व्यवस्था गरियोस् ।प्रत्येक ३ जनामा १ जना महिला समावेश हुने ब्यवस्था गरियोस् ।
10. प्रसुती खर्च, प्रसुती स्याहार खर्च रु. २५,०००/- सहित कम्तिमा ६ महिना प्रसुती विदाको व्यवस्था गरियोस् ।
11. क्रिया खर्च रु. ५०,०००/- प्रदान गर्ने व्यवस्था गरियोस् ।
12. पोशाक भत्ता रु. २५,०००/- प्रदान गर्ने व्यवस्था गरियोस् साथै सबै राष्ट्रसेवक कर्मचारीहरुले स्वदेशी उद्योगबाट उत्पादित कपडा पोशाकको रुपमा प्रयोग गर्नुपर्ने अनिवार्य ब्यवस्था गरियोस् ।
13. निजामती सेवामा महिलाको प्रवेशलाई सहजता प्रदान गर्न महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग र अन्य सरकारी निकायको समन्वयमा महिलाहरुको निजामती सेवामा प्रवेशका लागि लोक सेवा आयोगको तयारी कक्षा अनिवार्य सञ्चालनको व्यवस्था गर्न र नव प्रवेशी महिला कर्मचारीलाई आकर्षण गर्ने पेसागत तालिम निरन्तर रुपमा सञ्चालन गरियोस् ।
14. राजपत्र अनंकित महिला कर्मचारीहरुलाई अनिवार्य रुपमा र राजपत्रांकित महिला कर्मचारीलाई सम्भव भएसम्म उनीहरुको माग र आवश्यकता अनुसार पायक पर्ने स्थानमा सेवा गर्ने अवसर प्रदान गरियोस् ।
15. महंगी नियन्त्रण गर्दै उच्चस्तरीय तलब सुविधा आयोगले दिएको प्रतिवेदन अनुसारको तलब सुविधाको व्यवस्था गर्न जोडदार माग गर्दछौ ।
16. मासिक श्राव हुँदाको समयमा महिला कर्मचारीको माग अनुसार न्यूनतम ३ दिन विदाको ब्यवस्था गरियोस्।
17. आधिकारीक ट्रेड युनियनमा महिलाको प्रतिनिधित्वलाई सुनिश्चित गर्न माग गर्दछौ ।
18. वृति विकासका अवसरहरुमा महिला कर्मचारीहरुलाई विशेष प्राथमिकतामा दिने व्यवस्था गर्न जोडदार माग गर्दछौ ।
19. अस्थायी, करार, ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई सीमित प्रतियोगिता गराई स्थायी गरियोस् । स्थायी हुन नसक्ने कर्मचारीलाई सुविधा सहित बिदा गरियोस् ।
20. कार्यस्थलमा हुने लैङ्गिक विभेद लगायत महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न जोडदार माग गर्दछौ ।
21. सबै सरकारी कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था गर्न जोडदार माग गर्दछौ ।
22. महिला वर्गको उत्थान र विकासका लागि कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान र थप नीति निर्माण गर्न विशेष अध्ययन केन्द्रको स्थापना गर्न जोडदार माग गर्दछौ ।

23. महिलाको घरेलु श्रम (अनौपचारिक श्रम)को मूल्याङ्कन गरी राष्ट्रिय आयमा गणना गर्ने र सामाजिक सुरक्षासंग जोड्ने अभियान सञ्चालन गर्न जोडदार माग गर्दछौ ।

24. प्राविधिक, व्यावसायिक र उच्च शिक्षामा महिलाको सहज पहुँच बढाउने अभियान सञ्चालन गर्न जोडदार माग गर्दछौ ।

25. राष्ट्रिय पूँजि निर्माणका लागि स्वदेशी उत्पादनमा प्रोत्साहन गर्न र स्वदेशी उत्पादनको प्रयोगको अभियान सञ्चालन गर्न जोडदार माग गर्दछौ ।

26. नेपाल सरकारले प्रदान गर्ने निजामती सेवा पुरस्कार र विभूषणलाई समानुपातिक बनाउन जोडदा माग गर्दछौ ।

27. ILO अभिसन्धि तथा कानूनी प्रावधान अनुसारका व्यवस्थालाई प्रभावकारी कार्यान्यवन गर्न माग गर्दछौ

28. हालको निजामतती सेवा ऐनमा कडा रोगको परिभाषा सिमित गरिएको छ । त्यसलाई परिमार्जन गरी स्वास्थ्य मन्त्रालयले परिभाषित गरेका कडारोगको उपचारका लागि उपलब्ध गराउँदै आएको आर्थिक सहयोग रकम शतप्रतिशत बृद्धि गरियोस् ।

29. स्थिर सम्पत्तिमा महिलाको पहुँचमा बृद्धि गर्न हाल २३.८ प्रतिशतको अवस्थालाई सुधार गर्ने कार्यक्रम ल्याउन नेपाल सरकारसँग माग गर्दछौ ।

30. महिलाको पाठेघरको क्यान्सरको अवस्था समयमै पहिचान गरी पहुँचयोग्य र सुविधा सम्पन्न स्वास्थ्य संस्थाबाट निःशुल्क उपचार गर्ने ब्यवस्था मिलाउन नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।

31. अविवाहित कर्मचारीहरुका लागि विवाह अघि वा पछि सुविधा पाउने गरी १५ दिन विवाह बिदा दिने ऐनमा ब्यवस्था गरियोस् ।

32. वर्तमान निर्वाचन प्रणालीका कारण संघ र प्रदेशका सरकारहरु संगै अस्थीर रहने भएकोले देशको **“समृद्ध नेपाल सुखि नेपाली"**को आकांक्षा पूरा गर्न कठिन भएको हुंदा हालको निर्वाचन प्रणालीमा सुधार गर्न नेपाल सरकारसंग जोडदार माग गर्दछौ ।

33. सरकारी तथा सार्वजनिक संस्थाले सवारी साधन खरिद गर्दा महिला र अपाङ्गता अपङ्गमैत्री, सरकारी संरचना निर्माण गर्दा अपाङ्गता अपङ्गमैत्री गर्न माग गर्दछौ ।

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिद्धारा आयोजित र केन्द्रीय महिला विभागको ब्यवस्थापनमा **“समता र सशक्तीकरणः सेवामा सवलीकरण"**

**"Equality and Empowerment: Fairness in Service"** भन्ने मूल नाराका साथ

मिति २०८० जेठ २७ र २८ गते बबरमहल, काठमाण्डौंमा सम्पन्न ऐतिहासिक

“दोस्रो राष्ट्रिय महिला भेला" **"2nd National Women Assembly"** भेलाबाट पारित

**“प्रतिबद्धता-"पत्र"Commitment**

१. आफु कार्यरत निकायमा नेपाल निजामती कर्मचारी संगठनको सदस्यता नविकरण र वितरण गरी कल्याण कोषमा तोकिएको समयमा आबद्धता जनाउने प्रतिवद्धता ब्यक्त गर्दछौं ।

२. जिल्ला/ विभागिय कार्य समितिमा रहेको बक्यौतालाई फछ्यौट गर्ने कार्यमा जिल्ला/विभागीय कार्यसमितिलाई आवश्यक सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गर्दछौं ।

३. नेपाल निजामती कर्मचारी संगठनको सदस्यता विस्तार, सगठनको अभिभावकत्व सञ्चालित राष्ट्रसेवक सहकारी संस्था लिमिटेडको शेयर सदस्यता बृद्धि गर्न महिला कर्मचारीहरुलाई आबद्ध गरी सम्बन्धित संस्थाको सुदढीकरणमा क्रियाशिल हुने प्रतिवद्धता गर्दछौं ।

४. क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको ग्यारेन्टी गर्न दैनिक कार्यालयमा आउने सेवाग्राहीहरुलाई शिष्टाचारको रुपमा **“नमस्कार अभियान"** र जनताको तीव्र विकासको चाहना अनुरुप **“शीघ्र सेवा - तीव्र विकास"**को नेपाल निजामती कर्मचारी संगठनको नीतिलाई आफू कार्यरत रहेको कार्यालयमा कार्यान्वयन गर्ने गराउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

५. महिलाको पेसागत ब्यावसायिकता विकास गर्न सेवामा रहेका महिला कर्मचारीहरुसँग नवप्रवेशी महिला कर्मचारीहरुलाई आवद्ध गराई महिला कर्मचारीहरुको उत्थानका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

६. महिला कर्मचारीहरु वीच संजाल निर्माण गरी पेसागत ब्यावसायिक क्षमताको बृद्धिमा एक आपसमा सहयोग पुर्याउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

७. कडा परिश्रम, चुनौतीको सामना गर्दै परिवर्तित परिस्थिति बमोजिम महिला कर्मचारीहरुका लागि प्रविधिमैत्री बन्न प्रविधिमा लगानी गरी त्यसको उपयोग गर्ने कार्यमा सबै महिला कर्मचारीहरुलाई उत्प्रेरित गर्ने गराउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

८. कमिटी निर्माण तथा सगठनद्धारा संचालित भेला बैठक आपसी सद्भभाव, मेलमिलाप, सहमती, सहकार्यका साथ प्रभावकारी रुपमा संचालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

९. नेपाल निजामती कर्मचारी संगठनका माथिल्ला कार्यसमितिबाट भएका निर्णयहरुलाई पूर्ण कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।